कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

## मावुलुङ्ग इनर्जी पब्लिक लिमिटेड कम्पनीको
## प्रवन्ध-पत्र

१. **कम्पनीको नामः** यस कम्पनीको नाम माविलुङ्ग इनर्जी लिमिटेड हुनेछ । यसलाई अंग्रेजिमा Mabilung Energy Ltd. भनिनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :**

यस कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. १० मा रहनेछ ।

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति :**

यस कम्पनीले गर्ने व्यवसाय वा कारोबार उर्जामुलक एवं उत्पादनमूलक हुनेछ ।

४. **कम्पनीको उद्देश्यः** (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) विद्युत आयोजनाहरुको अध्ययन अनुसन्धान गरी नेपालका विभिन्न भागमा रहेका नदी, खोलानाला तालहरुबाट निजी क्षेत्रमा जलविद्युत (Hydropower) को सर्वेक्षण, उत्पादन, प्रशारण र वितरण गर्ने गराउने एवं आवश्यकता खनुसार विद्युत गृह, प्रशारण तथा वितरण लाईन र अन्य भौतिक संरचनाहरु निर्माण तथा मर्मत संभार गर्ने र सञ्चालन गर्ने ।

(ख) विद्युत उर्जाको आवश्यकतानुसार जलविद्युत बाहेक निजी क्षेत्रमा सौय (Solar), वायु (wind), तापी (Thermal), जैविक शक्ति (Bio-energy) आदि स्रोतबाट पनि वैकल्पिक उर्जा उत्पादन गरी प्रशारण तथा विक्री वितरण गर्ने ।

(ग) विद्युत उर्जा र वातावरण विकासको क्षेत्रमा इन्जिनियरिङ्ग परामर्श सेवा प्रदान गर्ने, नयां नयां जलविद्युत आयोजनाहरुको सर्वेक्षण, अन्वेषण अध्ययन, अनुसन्धान तथा मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने र जलविद्युत क्षेत्रको विकास /प्रवर्द्धन गर्ने गराउने ।

(घ) जलविद्युत लगायत उर्जा विकास निर्माणको क्षेत्रमा हुने वातावरणीय पक्षलाई मध्यनजर राखी वातारणको अनुसन्धान र विनासलाई रोकथाम गर्ने उपायहरुको अवलम्बन गर्ने उपायहरुको खोज गरी लागु गर्ने ।

(ङ) साना, मझौला र ठूला जलविद्युत आयोजनासाग समन्वय तथा सहकार्य गरी विद्युत आपूर्ति तथा वितरण गर्ने ।

(च) खानेपानी, शहरी विकास भवन, पुल, नहर, सडक, ढल, प्रवेश मार्ग, सुरुङ्गमार्ग, रेल मार्ग लगायत सम्पूर्ण निर्णय संरचनाहरुको पूर्व सम्भाव्यता, विस्तृत अध्ययन अनुसन्धान तथा निर्माण गर्ने ।

(छ) उर्जा उत्पान तथा भौतिक निर्माणको क्षेत्रमा वैदेशिक लगानी प्रबर्द्धनको लागि विदेशी कम्पनीहरु संग आवश्यक सहकार्य गर्ने ।

(ज) उर्जा उत्पादन, वितरण र प्रशारणको निम्ति नेपाल सरकारको स्वामित्वमा रहेका आयोजनाहरु दीर्घकालीन वा अल्पकालीन रुपमा Lease मा लिई सञ्चालन गर्ने गराउने ।

(झ) माथि उल्लेखित उद्देश्य कार्यान्वयन गर्न सहायक कम्पनी वा संयुक्त उपक्रम कम्पनी (Joint Venture/Special Purpose Vehicle-SPV) को संस्थापना गर्ने तथा त्यसमा लगानी गर्ने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायहरुबाट अनुमति वा ईजाजत लिनु पर्ने भएमा सो प्राप्त गरेर मात्र कार्यान्वयन गर्ने छ ।

(३) कम्पनीले उपदफा (१) मा उल्लेखित उद्देश्य सम्बन्धमा अनुमति वा ईजाजत प्राप्त गरेको १५ दिन भित्र त्यस्तो अनुमति वा ईजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गर्नेछ ।

५. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:**

यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ :-

(क) यो कम्पनी उर्जा उत्पादन, संकलन र वितरण गर्ने प्रतिष्ठान वा क्रियाकलाप सम्बन्धी उद्देश्य लिएर संस्थापना भएको कम्पनी भएकोले कम्पनीको लागि आवश्यक मेशिन, औजार, इक्विप्मेन्ट आदि आयात गर्ने, खरिद गर्ने र कम्पनीको कार्यमा प्रयोग गर्न सक्नेछ ।

(ख) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन, फर्निचर्स, कार्यालय सामाग्री आदि खरिद गर्ने वा भाडामा लिने र कम्पनीको काममा मर्का नपर्ने गरी अन्य कम्पनीलाई आवश्यक परेको खण्डमा भाडामा दिने ।

(ग) कम्पनीलाई आवश्यक प्राविधिक तथा गैर प्राविधिक कर्मचारीहरुको नियुक्ती गर्ने र तिनको सेवा शर्त र सुविधा सम्बन्धी नीति बनाई लागु गर्नेछ ।

(घ) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने, सञ्चालन गर्ने र वन्द गर्ने ।

(ङ) कम्पनीलाई आवश्यक ऋण कर्जा तथा अन्य बैंकिङ सुविधाहरु धितो राखि वा नराखि लिनेछ ।

(च) कम्पनीको उद्देश्य पूर्तिका लागि सम्बन्धित निकायहरुसंग आवश्यक सम्झौता वा करार गर्न सक्नेछ ।

(छ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद तथा विक्रि गर्न सक्नेछ ।

(ज) **अन्य आवश्यक कुराहरु :**

(१) कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेशीनरी, भवन लगायतका सबै प्रकारका सम्पत्तिहरु विमा गराउने ।

(२) प्रचलित कानूनको अधिनमा रही कम्पनीको प्रत्यक्ष किसिमले लाभप्रद प्राविधिक ज्ञान तथा शिपहरु उपलब्ध गराउने, सो को लागि व्यक्ति वा कम्पनीसंग सम्झौता गर्ने र त्यसलाई आफ्नो शेयर बिक्री गर्ने वा त्यसको शेयर आफूले खरिद गर्ने, एकिकरण गर्ने वा एकिकृत हुने ।

(३) कम्पनीको लागि प्राप्त हुन सक्ने सबै प्रकारका सुविधा, सहुलियत प्राप्त गर्न नेपाल सरकारको कायर्मलयहरुसंग अनुरोध गर्ने, कम्पनीको व्यापारिक हित संरक्षणको लागि डिजाइन र ट्रेडमार्क रजिष्टर्ड गराउने यसको हक र सुविधा उपलब्ध गर्ने र उपयोग गर्ने ।

(४) कम्पनीको तर्फबाट वा विरुद्धमा परेका मुद्धा मामिलाहरुको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने लिखित जवाफ पेश गर्ने, यस सम्बन्धमा आवश्यक कानुनी सेवा प्राप्त गरी आफ्नो हक अधिकार र सहुलियत सुविधालाई सुरक्षित राखने ।

(५) कम्पनीको आफ्नो लक्ष र उद्देश्य प्राप्त गर्नको लागि सर्व साधारणलाई बढी जानकारी गराउन विभिन्न सञ्चारका साधान तथा पत्रपत्रिकबाट विज्ञापन सुचना अदि प्रचार प्रशार गर्ने गराउने ।

(६) कम्पनीको हितलाई ध्यानमा राखि प्राविधिक तथा गैर प्रविधिक कर्मचारी, सल्लाहकार नियुक्त गर्ने, सेवा शर्त र सुविधा निर्धारण र सेवाबाट हटाउने आदि जस्ता सम्पुर्ण कार्य गर्ने गर्ने ।

(७) स्वदेशी तथा विदेशी व्यक्ति वा कम्पनीसंग संयुक्त लगानीमा कम्पनी संचालन गर्ने ।

(८) कम्पनी तथा कम्पनीद्वारा संचालन हुने उद्योगलाई आवश्यक मेसिन, उपकरणहरु स्थानीय खरिद गर्ने, विदेशवाट आयात गर्ने ।

(९) उद्योगलाई प्राप्त छुट तथा सुविधाहरु माग गर्ने, उपभोग गर्ने ।

(१०) उद्योगको मेसिनरी, उपकरण मर्मत सम्भार आफैंले गर्ने वा करार गरि अन्य व्यक्ति कम्पनीवाट गराउंने ।

(११) आकस्मिक क्षतीवाट वचाउंन विमा गर्ने ।

(१२) कम्पनीको लागी प्राप्त हुन सक्ने सवै सुविधा तथा सहुलियत प्राप्त गर्न नेपाल सरकार, प्रदेस सरकार वा स्थानीय तह वा सम्वनिधत विभाग, निकाय समक्ष अनुरोध गर्ने ।

(१३) कम्पनीको व्यवशायिक हकहित संरक्षणको लागी डिजाईन, ट्रेडमार्क दर्ता गर्ने र यसको हक तथा सुविधा उपभोग गर्ने ।

(१४) कम्पनीको हक हित संरक्षणको लागी तर्फवाट मुद्दा मामिला, उजुरी गर्ने वा कम्पनीको विरुद्धमा परेका मुद्दा मामिला उजुरीहरुमा प्रतिरक्षा गर्ने ।

(१५) कम्पनीको हित संरक्षण हुने गरी जगेडा कोष, डिप्रिसिएसन कोष, आकस्मिक कोष लगायतका कोषहरु खडा गर्ने ।

(१६) कम्पनीको उर्जा उद्योग व्यवशाय संग सम्वन्धित विषयहरुमा आवश्यकतानुसार कम्पनकिो हक हित संरक्षण गर्न व्यक्ति, सरकारी वा गैरसरकारी संस्था, सरकार तथा सरकारी निकायहरुसंग करार, सम्झौता गर्ने ।

(१७) कम्पनीको उद्देश्य परिपुर्तीको लागी अन्य आवश्यक सम्पुर्ण कार्यहरु गर्ने ।

६. **कम्पनीको पूँजीको संरचना** : कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-

(क) कम्पनीको अधिकृत पूँजी रु. ४०,००००००।- (चालिस करोड) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- का दरले ४०,००००० (चालिस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । हाल अग्राधिकार शेयर सम्बन्धी कुनै व्यवस्था गरिएको छैन ।

(ख) कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु २६,०,००,००० (छब्बिस करोड) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरले २६००००० (छब्बिस लाख) थान साधारण शेयर मा विभाजन गरिएको छ ।

(ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. १८,२०,००,०००।- (अट्ठार करोड विस लाख) हुनेछ ।

(घ) कम्पनीले जारी पूँजीको ३० (तिस) प्रतिशत साधारण शेयर सर्वसाधारणको लागि छुट्याएको छ ।

७. **कम्पनीको शेयरको किसिम:**

(क) कम्पनीले साधारण शेयर मात्र जारी गर्नेछ ।

(ख) तत्काल अग्राधिकार शेयर सम्बन्धी कुनै व्यवस्था गरिएको छैन ।

(ग) हाल अन्य कुनै प्रकारको शेयर जारी गरिएको छैन पछि साधारण शेयर बाहेकका अन्य शेयरहरु जारी गर्न पर्ने भएमा साधारण सभाबाट निर्णय गरी कार्यालयबाट स्वीकृति प्राप्त गरी सोही बमोजिम विभिन्न प्रकारका शेयरहरु जारी गर्न र विभिन्न प्रकारका शेयरवालाहरुको अधिकार तथा शर्तका कुराहरु तोकिने छन् ।

८. **शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा :**

TRUST ENERGY PVT. LTD.

(क) संस्थापक शेयरधनीले प्रथम बार्षिक साधारण सभा नभएसम्म र शेयर वापत माग गरिएको रकम पुरा चुक्ता नगरेसम्म शेयर खरिद बिक्री वा हस्तान्तरण गर्न सक्ने छैन ।

(ख) संस्थापक शेयरधनीले शेयर बिक्री वा हस्तान्तरण गर्दा संचालक समितिको स्विकृती लिनु पर्नेछ ।

(ग) संस्थापक शेयर खरिद गर्ने पहिलो हक अन्य संस्थापक शेयरधनीको हुनेछ र बिक्रीकर्ता शेयरधनीले राखेको बिक्री मुल्यमा अन्य संस्थापक शेयरधनीले शेयर खरिद नगरेमा मात्र तेश्रो व्यक्तिलाई बिक्री गर्न सकिनेछ ।

(घ) शेयर खरिद बिक्री वा हस्तान्तरण सम्वन्धि अन्य व्यवस्था कम्पनी ऐन २०६३ र प्रचलित धितोपत्र कारोवार सम्वन्धि कानून बमोजिम हुनेछ ।

९. **शेयर वापतको रकमको भुक्तानी :**

(१) कम्पनीले आफ्नो आवश्यकतानुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

(२) शेयर वापत कम्पनीले माग गरेका रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधि भित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **दायित्व सीमित हुने :**

यस कम्पनीको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

११. **अन्य आवश्यक कुराहरु :**

(१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नु पर्ने छ,

(२) संस्थापक वा अन्य कुनै व्यक्तिले नगद बाहेक अरु कुनै किसिमबाट शेयर खरिद गर्ने छैन ।

(३) कम्पनीले कारोवार शुरु गर्दाको बखतमा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गर्ने छैन ।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने छैन,

(५) कम्पनीको शेयर बिक्री वा हस्तान्तरणमा कुनै बन्देज रहेको छैन ।

(६) कम्पनीले आफ्नो कारोवार सन्चालनको लागी आवश्यक विनियमहरु वनाई लागु गर्न सक्नेछ ।

(७) कम्पनीले आफ्नो नामवाट नालिश उजुर गर्न सक्नेछ र कम्पनी उपर पनि सोही नाउंमा नालिस उजुर लाग्न सक्नेछ ।

(८) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा मिति २०७१।१०।१२ गते प्रा.लि.नं. १३१४५४/०७१/७२ मा दर्ता भएको माविलुङ्ग इनर्जी प्रा.लि. नामक कम्पनीलाई कम्पनी ऐन २०६३ (१३) को उपदफा (१) बमोजिम पब्लिक लिमिटेड कम्पनीमा परिणत गरी माविलुङ्ग इनर्जी लिमिटेडको नामबाट संचालन गर्न लगिएको हुंदा साविक माविलुङ्ग इनर्जी प्रा.लि.को तिर्नु पर्ने ऋण, पाउनु पर्ने रकम लगायत सबै सम्पती, दायित्व, इजाजत, सुबिधा जे जति छ अध्याबधिक हिसाब गरी यस माविलुङ्ग इनर्जी लिमिटेड कम्पनीले सकार्ने व्यहोर्ने तथा यस कम्पनीमा सर्ने शर्तमा माविलुङ्ग इन्र्जी लिमिटेड नामक कम्पनीमा परिणत गरिएको छ ।

१२. **कम्पनीको प्रकृति अनुरुप अन्य थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने ।** यस कम्पनीको व्यवशायको प्रकृती उर्जामुलक एवं उत्पादनमुलक भएको हुंदा व्यवशायसंग सम्वन्धित प्रचलित नेपाल कानून तथा नेपाल सरकार, सम्वन्धित मन्त्रालय, विभाग तथा स्थानीय तहवाट जारी निर्देशनको रित पुर्‍याई व्यवशाय संचालन गरिनेछ ।

१३. **प्रबन्धपत्र संशोधन भएमा लागू हुने अवस्था :** यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ ।

१४. **प्रवन्धपत्र बाझिएको हदसम्म अमान्य हुने :** यस प्रवन्धपत्रमा लेखिएका कुरा कम्पनी ऐन,२०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: बदर हुनेछ ।

१५. **संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण :** हामी **माविलुङ्ग इनर्जी लिमिटेड** का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौ । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकताको प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला | लिन कवुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| द.<br>नाम : एसियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड<br>ठेगाना : का.जि.का. म.न.पा. वडा नं. ३० डिल्लिवजार<br>(अख्तियारप्राप्त प्रतिनिधी श्री राजेश कुमार श्रेष्ठ)<br>फोन नं. :<br>इ-मेल :<br>mabilung@gmail.com<br>दा. बा. | - | दर्ता नं. १०३२/०६४/०६५ कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर | ५००००० | द.<br>नाम :डोविन श्रेष्ठ<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला, वडा नं. २<br>दा. बा. | २०६९/११३५ महोत्तरी |

| | | | | | |
|---|---|---|---|---|---|
| द.<br>नाम : गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाईनान्स कम्पनी लिमिटेड<br>ठेगाना : ल.पु.जि. ल.पु.म.न.पा. वडा नं. ४<br>(अख्तियारप्राप्त प्रतिनिधी श्री दिनेश लाल श्रेष्ठ)<br>फोन नं. :<br>इ-मेल : mabilung@gmail.com<br>दा. बा. | - | दर्ता नं. ७७६/०५७/०५८ कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर | ५००००० | द.<br>नाम : दिपक कुमार श्रेष्ठ<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला वडा नं.२<br>दा. बा. | ६४७१७३०, महोत्तरी |
| द.<br>नाम : राजेशलाल श्रेष्ठ<br>ठेगाना : ल.पु.जि. ल.पु.म.न.पा. वडा नं. १४<br>फोन नं. :<br>इ-मेल : mabilung@gmail.com<br>दा. बा. | गणेश लाल श्रेष्ठ | ३०४१, ललितपुर | २१०००० | द.<br>नाम : डेविन श्रेष्ठ<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला, वडा नं. २<br>दा. बा. | २०६९/११३५ महोत्तरी |
| द.<br>नाम : डेविन श्रेष्ठ<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला, वडा नं. २<br>फोन नं. :<br>इ-मेल : mabilung@gmail.com<br>दा. बा. | दिपक कुमार श्रेष्ठ | २०६९/११३५ महोत्तरी | २,०५००० | इन्द्र मण्डल राई<br>ठेगाना : भोजपुर जिल्ला, वोयावडा, वडा नं. ८<br>दा. बा. | १३१०/२६२२, भोजपुर |

| | | | | | |
|---|---|---|---|---|---|
| द.<br>नाम : ट्रष्ट ईनर्जी प्राईभेट लिमिटेड<br>ठेगाना : का.जि.का. म.न.पा. वडा नं. ३ (प्रतिनिधी श्री टासी शेर्पा)<br>फोन नं. :<br>इ-मेल :<br>mabilung@gmail.com<br>दा. बा. | - | दर्ता नं. १४१९१६/०७२/०७३ कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर | १५०००० | द.<br>नाम :<br>नामः दिनेशलाल श्रेष्ठ<br>ठेगानाः ल.पु.जि.ल. पु.म.न.पा. वडा नं. १४<br>दा. बा. | ४९४७२, ललितपुर |
| द.<br>नाम : इन्द्र मण्डल राई<br>ठेगाना : भोजपुर जिल्ला, वोयावडा, वडा नं. ८<br>फोन नं. :<br>इ-मेल :<br>mabilung@gmail.com<br>दा. बा. | अजिव कुमार राई | १३१०/२६२२, भोजपुर | १००००० | द.<br>नाम : दिपक कुमार श्रेष्ठ<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला वडा नं.२<br>दा. बा. | ६४७१७३०, महोत्तरी |
| द.<br>नाम : दिनेशलाल श्रेष्ठ<br>ठेगानाः ल.पु.जि.ल. पु.म.न.पा. वडा नं. १४<br>फोन नं. :<br>इ-मेल :<br>mabilung@gmail.com<br>दा. बा. | राजेश लाल श्रेष्ठ | ४९४७२, ललितपुर | ५०००० | द.<br>नाम : टासी शेर्पा<br>ठेगाना : का.जि.का. म.न.पा. वडा नं. ३<br>दा. बा. | ९६२१/९९३०, काठमाडा |

TRUST ENERGY PVT. LTD. KATHMANDU, NEPAL

| | | | | | |
|---|---|---|---|---|---|
| द.<br>नाम : टासी शेर्पा<br>ठेगाना : का.जि.का. म.न.पा. वडा नं. ३<br>फोन नं. :<br>इ-मेल :<br>mabilung@gmail.com<br>दा. बा | दावा नोर्वु शेर्पा | ९६२१/९९३०, काठमाडौं | ५०००० | द.<br>नाम : दिपक कुमार श्रेष्ठ<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला वडा नं.२<br>दा. बा. | ६४७१७३०, महोत्तरी |
| द.<br>नाम : दिपक कुमार श्रेष्ठ<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला वडा नं.२<br>फोन नं. :<br>इ-मेल :<br>mabilung@gmail.com<br>दा. बा. | जनक बहादुर श्रेष्ठ | ६४७१७३०, महोत्तरी | ५०००० | इन्द्र मण्डल राई<br>ठेगाना : भोजपुर जिल्ला, वोयावडा, वडा नं. ८<br>दा. बा. | १३१०/२६२२, भोजपुर |
| द.<br>नाम : सजल मास्के<br>ठेगाना : का.म.न.पा. वडा नं. १०<br>फोन नं. :<br>९८४१५०९४१२<br>इ-मेल :<br>mabilung@gmail.com<br>दा. बा. | विष्णुहरि मास्के | ४०५/ काठमाडौं मिति: २०५६/०६/०६ | ५००० | द.<br>नाम : दिपक कुमार श्रेष्ठ<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला वडा नं.२<br>दा. बा. | ६४७१७३०, महोत्तरी |

इति संवत् २०७६ साल कार्तिक महिना १९ गते रोज ३ शुभम्---

मस्यौदा गरी सहिछाप गर्न पठाउंने : अधिवक्ता शिवा गौतम, प्र.प.नं. १५४३